सर्वोच्च अदालत, पूर्ण इजलास
मानानीय न्यायाधीश श्री सपना प्रधान मल्ल
माननीय न्यायाधीश श्री सुनिल कुमार पोखरेल
माननीय न्यायाधीश श्री शान्तिसिंह थापा

संक्षिप्त आदेश

०८१-WF-००२५

लेनिन बिष्टसमेत .......................................................................... निवेदक

विरुद्ध

नेकपा माओवादी केन्द्रका अध्यक्ष एवं सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहालसमेत.......................................................................... विपक्षी

०८२-WF-००२३

डा. ज्ञान बहादुर बस्नेत समेत .......................................................................... निवेदक

विरुद्ध

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार काठमाडौंसमेत ................ विपक्षी

मुद्दाः उत्प्रेषणयुक्त परमादेशसमेत।

१. मिसिल संलग्न कागजातहरू अध्ययन गरी रिट निवेदक लेनिन विष्टसमेतको तर्फबाट उपस्थित हुनु भएका विद्वान् वरिष्ठ अधिवक्ताहरु श्री सतिशकृष्ण खरेल, श्री ध्रुवलाल श्रेष्ठ, श्री बाबुराम गिरी, डा. श्री सुरेन्द्रराज भण्डारी, श्री दिनेश त्रिपाठी, श्री रमेश बडाल, श्री आशिषराम कार्की एवम् विद्वान् अधिवक्ताहरु श्री श्यामकृष्ण मास्के, श्री विष्णुभक्त भट्टराई, श्री कृतिनाथ शर्मा पौडेल, श्री चिरञ्जीवी नेपाल, श्री राजीव बास्तोला, श्री पुष्पराज पौडेल, डा. श्री ज्ञानबहादुर बस्नेत, श्री इन्द्रप्रसाद अर्याल, श्री त्रिलोकबहादुर चन्द, श्री मोहना

अंसारी, श्री तुलसीराम पोखरेल, श्री भद्रप्रसाद नेपाल, श्री ज्ञानेन्द्रराज आरण, डा. श्री शिवकुमार यादव र श्री अर्जुन थापा तथा विपक्षी नेपाल सरकारको तर्फबाट उपस्थित हुनु भएका विद्वान् नायव महान्यायाधिवक्ता श्री संजीवराज रेग्मी, विपक्षी पुष्पकमल दाहालसमेतको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताद्वय श्री मुक्ति नारायण प्रधान, र श्री विश्वप्रकाश भण्डारी तथा विद्वान् अधिवक्ताहरु श्री माधवराज शर्मा पोखरेल, श्री कृष्णप्रसाद शर्मा र श्री विष्णुप्रसाद रेग्मीले गर्नु भएको बहस सुनियो।

२. यसमा सशस्त्र द्वन्द्वकालमा तत्कालीन विद्रोही पक्ष नेपाल कम्युनिष्ट पार्टी (माओवादी) द्वारा बालसैन्यको रूपमा भर्ती गरिएका र विस्तृत शान्ति सम्झौता पछि संयुक्त राष्ट्रसंघीय मिसन (UNMIN) को प्रमाणीकरणबाट नाबालिग (Minor)/ अयोग्य (Disqualified) भनी प्रमाणित भएका अयोग्य लडाकु/बहिर्गमित जस्तो अपमानजनक शब्द प्रयोग नगरियोस् र 'बालसेना'को वैधानिक पहिचान दिनुपर्ने, परिपूरण/ क्षतिपूर्ति एवं समग्र न्याय सुनिश्चित गरिनुपर्ने र अन्तर्राष्ट्रिय मानवीय कानुन विपरीत बालसैन्य भर्ती गरी युद्ध अपराध गरेको कसुरमा तत्कालीन माओवादी नेतृत्वकर्ताहरूमाथि फौजदारी अभियोजन प्रक्रिया प्रारम्भ गरिनुपर्ने भन्ने निवेदकहरूको मुख्य मागदाबी रहेको देखियो।

३. विपक्षीहरूको लिखित जवाफ र मिसिल संलग्न कागजातहरू अध्ययन गर्दा, नेपाल सरकार र तत्कालीन विद्रोही पक्ष बीच मिति २०६३।०८।०५ मा विस्तृत शान्ति सम्झौता सम्पन्न भई संक्रमणकालीन न्याय निरूपणका लागि बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ (संशोधन सहित) लागू रहेको पाइन्छ। यसै अदालतबाट आदेश भएको रिट नं. ०७३-WO-०११२ मा निवेदकहरू द्वन्द्व प्रभावित व्यक्ति भएको स्वीकार गर्दै निजहरूको मर्का प्रभावकारी रूपमा सम्बोधन गर्नु भनी निर्देशात्मक आदेश जारी गरी शहीद एवम् वेपत्ता परिवारका सदस्यहरु र द्वन्दकालका अयोग्य लडाकुहरु र स्वेच्छिक अवकाशमा गएका लडाकुहरु दुवैलाई राहत दिने व्यवस्था गरेको देखिन्छ। तत्कालीन सरकारले अयोग्य लडाकुहरूलाई राहत स्वरूप जनही दुई लाख रुपैयाँ दिने निर्णयलाई बजेट वक्तव्य र आर्थिक ऐनमा समेत समावेश गरेको देखिन्छ भने अयोग्य लडाकुलाई राहत उपलब्ध गराउने कार्यविधि, २०७९ समेत जारी भएको देखिन्छ।

४. तत्कालिन नेपाल कम्यूनिष्ट पार्टी (माओवादी) र नेपाल सरकारले UN Secretary General को प्रतिनिधिको रोहमा गरिएको ८ डिसेम्बर २००६ को हतियार र सेना व्यवस्थापन अनुगमन सम्झौता (Agreement on Monitoring of the Management of Arms and

Armies) ले "Both parties fully agree to not include or use children who are 18 years old and under in the armed forces. Children thus affected would be immediately rescued and necessary and appropriate assistance will be provided for their rehabilitation" भनी उल्लेख गरेको छ। प्रमाणीकरणको दोस्रो चरणमा माओवादी शिविरहरुमा नाबालिग र ढिलो भर्ना भएका लडाकुहरुको पहिचान प्रकृया (१९ जुन २००७ देखि डिसेम्बर २००७ सम्म) मा रिट निवेदकहरुसमेतलाई नाबालक/अयोग्य लडाकु" (Minor/Disqualified Combatants) भनी पहिचान गरेको पाईन्छ। हतियार र सेना व्यवस्थापन अनुगमन सम्झौता (AMMAA) को दफा ४.१.३ मा यदि कुनै लडाकु (क) २५ मे १९८८ भन्दा पछि जन्मेका छन् वा (ख) २५ मे २००६ को युद्धविरामको मितिपछि Cantonment मा संलग्न भएका छन् भने निजलाई सेनामा समायोजन गर्न वा वयस्क पुनर्स्थापना योजनाका लागि नाबालक/अयोग्य लडाकु" (Minor/Disqualified Combatants) ठहर हुने व्यवस्था रहेको पाईयो। प्रस्तुत रिट निवेदकहरू वर्ग (क) मा पर्ने देखिन्छ। त्यस प्रक्रियामार्फत दर्ता भएका ३०,००० भन्दा बढी लडाकुहरूमध्ये, २,९७३ व्यक्तिहरूलाई यही आधारमा समायोजन हुन मात्र "नाबालक" "अयोग्य" भनी वर्गीकृत गरिएको थियो। अनमिनले प्रयोग गरेको उक्त नाबालक/अयोग्य लडाकु भन्ने शब्दावली केवल प्रमाणीकरण अभ्यासको लागि प्राविधिक र सीमित रूपमा प्रयोग गरेको भन्ने देखिन्छ। अनमिनले २३ जनवरी २००७ को संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्को प्रस्ताव (UNSCR) १७४० बमोजिम प्राप्त कार्यादेश अन्तर्गत काम गरेको थियो र अनमिनको वर्गीकरणको विषय सेना समायोजन भई टुङ्गिसकेको विषय भएकोले सोलाई अन्यथा गर्नुपर्ने देखिएन।

५. तर रिट निवेदकहरुले शान्ति तथा पुनर्निर्माण मन्त्रालय, गृह मन्त्रालय र माओवादी लडाकुको सुपरिवेक्षण, समायोजन र पुनर्स्थापना सम्बन्धी विशेष समितिका अभिलेख, परिपत्र, कार्यविधि र नीतिगत दस्तावेजहरूमा "अयोग्य" तथा "वहिर्गमित" जस्ता अपमानजनक पहिचान हुने शब्दको निरन्तर अभिलेखीकरण र प्रयोगले निवेदकहरूको आर्थिक, शैक्षिक, स्वास्थ्य, सामाजिक र मनोवैज्ञानिक पक्षमा नकारात्मक असर परेको र यसले निरन्तर व्यक्तित्व विकास लगायतका अवसर प्राप्तिमा पनि क्षति पुर्याएको भन्ने जिकिर रहेको देखिन्छ। रुपेश शाह समेत विरुद्ध नेपाल सरकार भएको ०७३-WO-०११६ नं को निवेदनमा पनि "अयोग्य लडाकु" जस्तो शब्द प्रयोग गरेको देखियो। कुनै सरकारी अभिलेख, परिपत्र वा आधिकारिक पत्राचारले निवेदकहरूलाई रोजगारी, सार्वजनिक पद वा नेपाली नागरिकका रूपमा प्राप्त हुने कुनै पनि हकअधिकारबाट वञ्चित गर्ने गरी

विभेद जनाउने "अयोग्य/बहिर्गमित" शब्दको प्रयोग गर्नु नेपालको संविधानको धारा १६ को सम्मानपूर्वक बाँच्न पाउने हक र धारा १८ को समानताको हक तथा बालअधिकार सम्बन्धी महासन्धि (CRC) को धारा २ द्वारा प्रदत्त विभेद विरुद्धको स्वतन्त्रताको अधिकारको समेत विपरीत देखिन्छ। निवेदकहरु र निजहरुसँग जोडीएका व्यक्तिहरुलाई सम्मानपूर्वक पहिचान दिनु न्यायोचित देखिँदा अब राज्यका निकायहरुले द्वन्द्वबाट प्रभावित सेनामा समायोजन हुन नसकेका रिट निवेदक जस्ता व्यक्तिहरुलाई राज्यबाट जारी हुने दस्तावेज तथा अभिलेखमा अयोग्य/ वहिर्गमित जस्ता अपमानजनक पहिचान हुने खालका शब्दहरु प्रयोग नगर्नू, नगराउनु भनी सो हदसम्म विपक्षीहरुका नाममा प्रतिषेध मिश्रित परमादेशको आदेश जारी हुने ठहर्छ।

६. नेपाल सरकार र नेपाल कम्युनिस्ट पार्टी (माओवादी) बीच सम्पन्न विस्तृत शान्ति सम्झौता, २०६३ (CPA) ले द्वन्द्वबाट भएका अधिकारहरुको उल्लंघनलाई सम्बोधन गर्न सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोग स्थापना भएको देखिन्छ। विस्तृत शान्ति सम्झौताको दफा ७ ले मानव अधिकार, मौलिक अधिकार र मानवीय कानुनको संरक्षणलाई सम्बोधन गर्दछ। दफा ७.६.१ ले स्पष्ट रूपमा "...*अठार वर्ष वा सो भन्दा मुनिका केटाकेटीहरुलाई कुनै पनि सैन्य बलमा समावेश वा उपयोग नगर्न पूर्ण रुपमा सहमत छन्। यसरी प्रभावित बालबालिकाहरु तुरुन्त उद्धार गरिने छन् र तिनीहरुको पुनर्स्थापनको लागि आवश्यक र यथोचित सहयोग प्रदान गरिने*" भनी व्यवस्था गरेको पाईन्छ। सत्य निरूपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) ऐन, २०८१ को दफा २५क. (१) (ख) ले "बहिर्गमित व्यक्ति" को परिभाषालाई स्पष्ट पारेको छ भने दफा २५ को उपदफा (२) ले त्यस्ता व्यक्तिहरूलाई राहत, पुनर्स्थापना र सुविधा प्रदान गर्ने राज्यको दायित्व तोकेको छ। बाल अधिकार सम्बन्धी महासन्धि (CRC) को धारा ३९ र Optional Protocol on the Involvement of Children in Armed Conflict को धारा ७ ले राज्यपक्षहरूलाई सशस्त्र द्वन्द्वबाट पीडित बालबालिकाहरूको शारीरिक र मनोवैज्ञानिक स्वास्थ्य लाभ तथा सामाजिक पुनरएकीकरणका लागि सबै आवश्यक उपायहरू अपनाउन अनिवार्य गरेको छ।

७. माथि उल्लेख गरिएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानून र न्यायिक व्याख्याहरूका बावजुद पनि राज्यले पीडितहरूको पुनरएकीकरण र पुनर्स्थापनाका लागि पर्याप्त कदम चालेको देखिँदैन। बालअधिकार सम्बन्धी महासन्धि (CRC) को धारा ३९ ले स्पष्ट रूपमा सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाहरूको शारीरिक तथा मानसिक स्वास्थ्य सुधार र

उनीहरूलाई समाजमा पुनःस्थापित गर्न पक्ष राष्ट्रहरूले प्रवर्द्धन लगायत सबै आवश्यक उपायहरू अवलम्बन गर्नुपर्ने व्यवस्था गरेको छ। यस व्यवस्थामा प्रयोग भएको "सबै आवश्यक उपायहरु" भन्ने शब्दले राज्यमाथि एउटा निरन्तर कर्तव्य थपिदिन्छ, जसको अर्थ बालबालिकालाई थप हानी हुनबाट जोगाउनु मात्र नभई उनीहरूको स्वास्थ्य लाभ र सामाजिक पुनरएकीकरणका लागि सक्रियतापूर्वक अघि बढ्नु पनि हो। तथापि, उनीहरूलाई बहिर्गमित गर्ने समयमा तत्कालीन बजेटबाट प्रतिव्यक्ति मात्र रु.१०,०००।- (दश हजार रुपैयाँ) दिइएको र थप प्रतिव्यक्ति रु.२,००,०००।- (दुई लाख रुपैयाँ) दिने प्रतिबद्धता गरिएको देखिन्छ। तर उक्त रकम पनि सबैलाई वितरण गरिएन। रिट निवेदक जस्ता उमेर समूहको हकमा यी उल्लेख गरिएका आर्थिक राहतहरु पर्याप्त देखिएन। जबकि स्वैच्छिक अवकाशमा गएका वयस्क लडाकुहरूले रु.५,००,०००।- (पाँच लाख रुपैयाँ) देखि रु.८,००,०००।- (आठ लाख रुपैयाँ) सम्म प्राप्त गरेको पाइन्छ।

८. यस अदालतबाट यस अघि पनि द्वन्द्व पीडितहरुको निमित्त भएको आदेश र दायित्वहरूको पालना नभएको सन्दर्भमा, यस इजलासले निवेदकहरुमाथि 'निरन्तर उल्लंघनको सिद्धान्त' (continuing violation doctrine) आकर्षित हुने ठहर गर्दछ। विगतमा घटेको कुनै एउटा छुट्टै घटना भन्दा फरक, यी व्यक्तिहरूको पुनर्स्थापना गर्न नेपाल सरकार असफल हुनुले दिन प्रतिदिन अन्यायपूर्ण अवस्था कायम राखिरहेको र सोही अनुरुप निरन्तर कारबाहीको कारण उत्पन्न भईरहेको पाईन्छ। द्वन्द्वले निम्त्याएको मानसिक आघात, डर, असुरक्षा र सामाजिक बहिष्करणको अवस्थालाई सम्बोधन गर्न सामाजिक पुनरएकीकरणका कार्यक्रमहरू अपरिहार्य देखिन्छन्। यसरी द्वन्द्वको कारण समाजबाट अलग्याइएका व्यक्तिहरूलाई पुनः समाजसँग जोड्नु राज्यको कानूनी दायित्व हो, कुनै दया वा परोपकार होइन। त्यसैले, निवेदकहरूको सम्मानजनक सामाजिक पुनरएकीकरणका लागि अनुकूल वातावरण निर्माण गर्न आवश्यक कदमहरू चालिनु आवश्यक देखिन्छ।

९. प्रचलित आन्तरिक र अन्तर्राष्ट्रिय कानून बमोजिम पीडितले पाउने राहत केवल आर्थिक क्षतिपूर्तिमा मात्र सीमित हुन सक्दैन। पर्याप्त र उचित राहतभित्र यथास्थितिमा पुनरागमन (restitution), क्षतिपूर्ति (compensation), पुनर्स्थापना (rehabilitation), सन्तुष्टि (satisfaction) र स्मारिकीकरण (memorialization) जस्ता पक्षहरू समेटिनु पर्दछ। निवेदकहरूले भोगेको पीडामा आर्थिक नोक्सानी मात्र नभई शैक्षिक अवसर गुमाई, शारीरिक र मानसिक स्वास्थ्यमा परेको गम्भीर असर, समाजले हेर्ने दृष्टिकोण (कलंक) र सामाजिक प्रतिष्ठाको पतनसमेत समावेश छ। तसर्थ, राज्यले अगाडि बढाउने जुनसुकै

पुनरएकीकरणको प्रक्रियामा क्षतिका यी सबै आयामहरूलाई केन्द्रमा राख्नुपर्दछ। तसर्थ निवेदकहरुलाई तत्काल र पर्याप्त परिपुरणको व्यवस्था गर्नु गराउनु भनी नेपाल सरकारका नाममा परमादेश जारी गरिएको छ।

१०. विस्तृत शान्ति सम्झौताको दफा ७.६.१ ले स्पष्ट रूपमा ...अठार वर्ष वा सो भन्दा मुनिका केटाकेटीहरुलाई कुनै पनि सैन्य बलमा समावेश वा उपयोग नगर्न राज्यको दायित्व हुने स्पष्ट पारेको छ। अधिवक्ता सविन श्रेष्ठ विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (निर्णय नं. ७५७६, नेपाल कानुन पत्रिका २०६२) को मुद्दामा यस अदालतले सैनिक ऐन, २०१६ अन्तर्गत जारी भएको केटा भर्ना तथा सेवा शर्त नियमहरू, २०२८ र प्रहरी ऐन, २०१२ अन्तर्गत जारी भएको प्रहरी केटा भर्ना तथा सेवा शर्त नियमावली, २०४२ लाई संवैधानिक रूपमा प्रत्याभूत अधिकारहरूसँग बाझिएको र नेपालको अन्तर्राष्ट्रिय सन्धि दायित्व (treaty obligation) को भावना र मर्मविपरीत भएको आधारमा बदर घोषित गरिएको पाईन्छ। सशस्त्र सेनामा बालबालिकाको भर्ना अन्तराष्ट्रिय कानूनबाट मात्र नभई संवैधानिक र न्यायिक रोहबाट पनि अस्वीकार्य छ भन्ने सिद्धान्तलाई प्रतिविम्बित गरेको छ। नेपाल पक्षधर बाल अधिकार सम्बन्धी महासन्धि (Convention on the Rights of the Child – CRC) को धारा ३८(३) ले पक्ष राष्ट्रहरूले पन्ध्र वर्ष उमेर पूरा नभएका कुनै पनि व्यक्तिलाई आफ्नो सशस्त्र बलमा भर्ना गर्नबाट निषेधित गर्दछ। पन्ध्र वर्ष उमेर पूरा भएका तर अठार वर्ष उमेर पूरा नभएका व्यक्तिहरूमध्येबाट भर्ना गर्दा, पक्ष राष्ट्रहरूले उमेरका हिसाबले जेठो (बढी उमेर भएका) हरूलाई प्राथमिकता दिन तथा Optional Protocol on the Involvement of Children in Armed Conflict को धारा ४(२) ले पक्ष राष्ट्रहरूलाई आफ्नो अधिकारक्षेत्र भित्रका व्यक्तिहरूले बालबालिकाहरूलाई सशस्त्र सेना वा समूहहरूमा भर्ना नगर्ने वा उनीहरुलाई शत्रुतापूर्ण कार्यहरूमा सक्रिय रूपमा भाग लिन प्रयोग नगर्ने सुनिश्चित गर्न सम्भव भएसम्मका सबै उपायहरू अपनाउन र त्यस्ता कार्यहरूलाई अपराधीकरण गर्न बाध्य पार्दछ। नेपालले Optional Protocol on the Involvement of Children in Armed Conflict अनुमोदन गरेको चौबीस वर्ष बितिसक्दा पनि सशस्त्र द्वन्द्वमा बालबालिकाको भर्नालाई दण्डनीय फौजदारी अपराधको रूपमा वर्गीकृत गर्ने कुनै पनि आन्तरिक कानुन निर्माण भएको छैन। त्यस्तो कानुनको अभाव स्वयंमा Optional Protocol on the Involvement of Children in Armed Conflict को धारा ४(२) अन्तर्गत नेपालको सन्धि दायित्वको निरन्तर उल्लंघन गरेको भन्ने देखिन्छ। यसको परिणाम स्वरूप यस गम्भीर उल्लंघनका पीडितहरूले हाल आफ्नो उपचारको माध्यमका

रूपमा फौजदारी अभियोजनमा पहुँच पाउन असमर्थ छन्। यो केवल नीतिगत खाडल मात्र होइन। नेपालको संविधानको धारा ४६ ले माग गरेबमोजिम प्रभावकारी उपचारको हकमा समेत असर पर्न जाने देखिन्छ। साथै, यस इजलासले सत्य निरूपण तथा मेलमिलाप आयोग (TRC) ऐनको तेस्रो संशोधनले "मानव अधिकारको गम्भीर उल्लंघन" को परिभाषाबाट बाल सैनिकको प्रयोगलाई वञ्चित गरेको कुरालाई पनि महसुस गरेको छ। तसर्थ, अठार वर्ष वा सो भन्दा मुनिका बालबालिकाहरुलाई कुनै पनि सैन्य बलमा समावेश वा उपयोग पूर्णतः निषेधित गरी यस्ता काम कारबाहीलाई दण्डनीय अपराध ठहर गर्ने गरी कानून निमार्ण गर्नु राज्यको दायित्व हुँदा सोतर्फ तत्काल पहल गर्नु भनी विपक्षी सरकारी निकायहरुको नाममा निर्देशनात्मक आदेश जारी गरिदिएको छ।

११. जहाँसम्म निवेदकहरू (मुद्दा नं. ०८१-WF-००२५) ले सशस्त्र द्वन्द्वका क्रममा बाल सैनिकहरूको भर्ना र प्रयोगबाट उत्पन्न युद्ध अपराधका लागि विपक्षीहरु श्री पुष्पकमल दाहाल "प्रचण्ड" र श्री बाबुराम भट्टराईलाई अभियोजन गर्न मागको सम्बन्धमा विचार गर्दा, संविधानले संक्रमणकालीन न्यायका प्रश्नहरू सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोग मार्फत सम्बोधन गर्ने व्यवस्था गरेको छ। निवेदकहरूले उल्लेखित आयोगहरु समक्ष उजुरी दर्ता गरिसकेका र आयोगबाट मिति २०८०।०२।२५ च.नं. २४७ को पत्रमार्फत सोसम्बन्धी जानकारी प्रदान गरिसकेको देखिन्छ। तसर्थ, सशस्त्र द्वन्द्वको समयमा भएका कमान्ड-स्तरका निर्णयहरूका लागि व्यक्तिगत जवाफदेहिताको प्रश्न खुला नै रहेको र यसलाई संवैधानिक रूपमा स्थापित संक्रमणकालीन न्याय संयन्त्रहरूबाट तयार प्रतिवेदन, सिफारिस मार्फत सम्बोधन हुने नै हुँदा यसमा थप केही बोलिरहन पर्ने देखिएन। आदेशको पूर्णपाठ तयार हुन समय लाग्ने हुँदा प्रस्तुत संक्षिप्त आदेशको जानकारी विपक्षीहरुलाई दिई नियमानुसार गर्नू।

| | | |
|---|---|---|
| शान्तिसिंह थापा<br>न्यायाधीश | सुनिल कुमार पोखरेल<br>न्यायाधीश | सपना प्रधान मल्ल<br>न्यायाधीश |

इति संवत् २०८३ साल जेठ २९ गते रोज ६ शुभम् ..................................।